राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ६ अंक २७९ २०८२ जेठ २२ गते बिहिवार (5 June 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## मधेशमा जातीय हिंसा डरलाग्दो रूपमा वृद्धि

# एक वर्षमै ८७० दलित हिंसा पीडित

कैलास दास

जनकपुरधाम, २१ जेठ। मधेश प्रदेशमा जातीय विभेद र सामाजिक असमानताको चपेटामा परेका दलित समुदायमाथि निरन्तर हिंसा भइरहेका छन्। औपचारिक सेवा केन्द्र (इन्सेक) द्वारा संकलित तथ्यांकअनुसार, सन् २०२४ को जनवरीदेखि डिसेम्बरसम्मको अवधिमा ८७० जना दलित हिंसाका घटनामा पीडित भएका छन्। तीमध्ये ३७२ जना राज्यपक्षबाट र ३६० जना गैरराज्यपक्षबाट पीडित भएका हुन्।

### सबभन्दा बढी जनसंख्या, तर सबभन्दा बढी पीडा

मधेश प्रदेशको कुल जनसंख्या ६१ लाख २६ हजार २८८ रहेको छ। यसमध्ये दलित समुदायको जनसंख्या करिब १० लाख ५८ हजार ५५ अर्थात् १८ प्रतिशत रहेको छ। प्रदेशमा जनसंख्या अनुसार दलित समुदाय सबैभन्दा ठूलो हो, तर साक्षरता दर सबैभन्दा न्यून, मात्र ११ प्रतिशत रहेको छ। शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सम्मानका सवालमा समेत यो समुदाय विगतदेखि नै पछाडि पारिएको छ।




### सबैभन्दा बढी जनसंख्या, तर सबैभन्दा न्यून साक्षरता

मधेश प्रदेशमा सबैभन्दा ठूलो जनसंख्या भएको दलित समुदायका लागि शिक्षा क्षेत्र सबैभन्दा चुनौतीपूर्ण देखिन्छ। करिब १० लाख ५८ हजार जनसंख्या भएको यो समुदायको साक्षरता दर मात्र ११ प्रतिशत रहेको छ, जुन प्रदेशको अन्य कुनै पनि जातीय समुदायको तुलनामा अत्यन्तै न्यून हो। साक्षरताको यस्तो कमजोर अवस्था नै दलित समुदायमाथि भइरहेको हिंसा, शोषण र बहिष्करणको प्रमुख कारणमध्ये एक मानिन्छ।

### यादव समुदाय: दोस्रो ठूलो जनसंख्या, साक्षरता दर उल्लेखनीय

जनसंख्याका हिसाबले यादव समुदाय मधेश प्रदेशमा दोस्रो स्थानमा छ। कुल जनसंख्याको १४.८ प्रतिशत (झन्डै ९ लाख ५ हजार) यादव समुदायको साक्षरता दर ६४.१ प्रतिशत रहेको तथ्यांकले देखाउँछ। यस समुदायका ७३२ जना हिंसामा परेका छन्। यसमा राज्यपक्षबाट ३७२ र गैरराज्यपक्षबाट ३६० जना रहेका छन्।

### मुस्लिम समुदाय: तेस्रो स्थानमा, साक्षरतामा चुनौती

मुस्लिम समुदायको जनसंख्या १३.२८ प्रतिशत (करीब ८ लाख १३ हजार) छ। यद्यपि, साक्षरता दर केवल ३५ प्रतिशतमा सीमित रहेको देखिन्छ। हिंसाका घटनामा ६८६ मुस्लिम समुदायका सदस्य पीडित भएका छन् ( ३४४ जना राज्यपक्षबाट र ३४२ जना गैरराज्यपक्षबाट।

### अन्य जातजातिहरूमा पनि बढ्दो हिंसाको प्रभाव

मधेश प्रदेशमा अन्य जातीय समुदायहरूमा पनि हिंसाको असर देखिएको छ। इन्सेकको विवरण अनुसार:

आदिवासी जनजाति: ५१५ जना पीडित

वैश्य : ६५ जना

बनिया : ११ जना

ब्राम्हण : २०३ जना

क्षेत्री : ११४ जना

कायस्थ : ३२ जना

कोइरी : २९७ जना

मण्डल : ३१४ जना

तेली : ६७७ जना

*स्रोत अनौपचारिक सेवा केन्द्र*

### हिंसाका स्वरूपहरू

यी जातीय समुदायहरू विभिन्न प्रकारका हिंसाका शिकार भएका छन्। बलात्कार, शारीरिक कुटपिट, अपहरण, जबर्जस्ती गर्भपतन, साइबर अपराध, घरेलु हिंसा, तथा हत्या जस्ता गम्भीर घटनाहरू तथ्यांकमा समावेश छन्। अधिकांश घटनाहरू रिपोर्ट नभएको वा दबाइएको आशंका पनि गरिएको छ।

### विश्लेषण र चुनौती

मानव अधिकारकर्मीहरू भन्छन्- 'दलित र अन्य सीमान्तकृत समुदायमाथि भइरहेको हिंसा केवल आपराधिक नभई सामाजिक संरचनामा गहिरो जरा गाडेको भेदभावको परिणाम हो।'सरकारले विभिन्न स्तरमा कार्यक्रम ल्याएको भए पनि, ती कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन नहुनु, शिक्षा तथा न्यायमा पहुँच अभाव हुनु, र सामाजिक चेतनाको कमी प्रमुख चुनौतीका रूपमा देखिएका छन्।

## यातायात क्षेत्रमा हडताल नगर्न सर्वोच्चको अन्तरिम आदेश




दैनिक समाचारदाता

काठमाडौं, २१ जेठ। सर्वोच्च अदालतले सार्वजनिक यातायातको क्षेत्रमा हडताल नगर्न यातायात व्यवसायीहरूको नाममा अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीश नित्यानन्द पाण्डेयको इजलासले अल्पकालीन आदेश दिँदै त्यसलाई निरन्तरता दिने वा नदिनेबारे छलफल गर्न रिट निवेदक र यातायात व्यवसायी दुवै पक्षलाई बोलाएको छ।

अधिवक्ता विमल पोखरेलले सार्वजनिक यातायात ठप्प पारी व्यवसायीहरूले नागरिकको संवैधानिक हक हनन गरेको भन्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए। यद्यपि यातायात व्यवसायीहरूले हिजो नै आन्दोलन फिर्ता लिइसकेका छन्।

## लैंगिकमैत्री र समावेशी उद्यम विकासमा प्रदेश सरकार प्रतिबद्ध : मुख्यमन्त्री सिंह


दैनिक समाचारदाता

जनकपुरधाम, २१ जेठ। मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले लैंगिकमैत्री तथा समावेशी उद्यमको विकासलाई प्राथमिकतामा राख्दै यसका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन्। नेपाल उद्योग वाणिज्य महासंघ, मधेश प्रदेशको प्रतिनिधिमण्डलसँग बुधबार भएको छलफलमा मुख्यमन्त्री सिंहले महिलालाई आर्थिक रूपमा सशक्त बनाउन उद्यमशीलता प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्नेमा जोड दिए।

"महिलाको आर्थिक सशक्तिकरण बिना समावेशी विकास सम्भव हुँदैन," मुख्यमन्त्री सिंहले भने, "महिला तथा पछाडि पारिएका समुदायलाई उद्यममा सक्रिय सहभागी गराएर मात्रै दिगो विकास हासिल गर्न सकिन्छ।"

छलफलका क्रममा महासंघका प्रदेश अध्यक्ष अशोककुमार टेमानीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले "लैंगिकमैत्री तथा समावेशी उद्यम र व्यवसाय विकास" सम्बन्धी स्थितिपत्र मुख्यमन्त्री सिंहलाई बुझाएको थियो। स्थितिपत्रमा महिलाको उद्यमशीलता प्रवर्द्धनका लागि नीति सुधार, लगानीमैत्री वातावरणको विकास तथा सहुलियतपूर्ण पहुँच सुनिश्चित गर्न प्रदेश सरकारसँग आग्रह गरिएको थियो।





## सम्पादकीय

# विपद् व्यवस्थापनमा विद्यार्थीको सक्रियता- सस्तो, सक्षम र स्थायी उपाय

प्राकृतिक विपद्का घटनाहरू नेपालमा सामान्यजस्तै भइसकेका छन्। विशेषगरी मधेश प्रदेशजस्ता समथर भूभागमा प्रत्येक वर्ष बाढी, डुबान र जलजन्य संकटको दोहोरो पीडा भोगिँदै आएको छ। यस्तो सन्दर्भमा मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहको हालैको अभिव्यक्ति विशेष महत्वको बोक्दछ(गाउँगाउँमा रहेका विद्यार्थीलाई विपद्सम्बन्धी तालिम प्रदान गरी प्रारम्भिक उद्धारमा उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने।

विद्यार्थीहरू राष्ट्रका कर्णधार हुन् । उनीहरूलाई केवल शैक्षिक क्षेत्रमा मात्र नभई जीवनोपयोगी सीप र संकट व्यवस्थापनमा समेत दक्ष बनाउनु राज्यको दायित्व हो। यसका लागि राज्यले आवश्यक पूर्वाधारसहित बहुआयामिक तालिमको व्यवस्था गर्नुपर्छ ।

मुख्यमन्त्री सिंहद्वारा प्रस्तावित विपद् प्रतिकार्य तालिमको अवधारणा अत्यन्तै सकारात्मक छ। यस्ता तालिमले न केवल विपद् बेला तत्काल सहायता दिन सक्ने जनशक्ति तयार गर्छन्, बरु दीर्घकालीन रूपमा सचेत, सक्षम र जिम्मेवार नागरिक उत्पादनमा पनि सहयोग पुर्‍याउँछन्। विपद् प्रतिकार्य मात्र होइन, स्वास्थ्यमूलक तालिम, आत्मरक्षा, सुरक्षासम्बन्धी अभ्यास लगायतका विषयहरू पनि विद्यालय तहमै सिकाइ हुनुपर्ने अत्यावश्यकता आजको यथार्थ हो ।कतिपय मुलुकहरू(जस्तै युक्रेन, रुस, अमेरिका, चीन(मा विद्यार्थीलाई विद्यालय तहमै विपद् प्रतिकार्य, सैनिक अनुशासन, आत्मरक्षा र नागरिक सुरक्षा तालिम दिइन्छ। यस्तो अभ्यासले तिनका नागरिकलाई कुनै पनि संकटमा आफू र अरूको सुरक्षा गर्न सक्षम बनाएको देखिन्छ। तर नेपालमा यस्ता तालिमको पर्याप्त अभ्यास र नीति अझै देखिँदैन ।

नेपालमा प्रत्येक वर्ष सयौंको ज्यान विपद्का कारण गुम्ने गरेको तथ्यांकले चेतना दिन्छ। हजारौं घाइते हुन्छन्, करोडौंको जनधनको क्षति हुन्छ। यस्तो बेला सुरक्षाकर्मीहरू बाहेक उद्धारमा सक्रिय हुने अन्य संस्था वा जनशक्ति अभाव देखिन्छ। साथै, सबै क्षेत्रमा एकैपटक सुरक्षा संयन्त्र पुग्न सक्ने अवस्था पनि छैन। यस्तो स्थितिमा स्थानीय तहमा तालिमप्राप्त विद्यार्थीहरूको परिचालन नै सबैभन्दा छरितो, सस्तो र प्रभावकारी उपाय बन्न सक्छ ।

विद्यालयमा शिक्षासँगै यस्ता तालिमलाई पाठ्यक्रमकै हिस्सा बनाइनु आवश्यक छ । त्यसको पूर्वाधार राज्यले तयार पार्नुपर्छ । विशेष गरी मधेश जस्तो बाढी, लु, चिसो, रोगजस्ता बहुविध जोखिम भएको क्षेत्रमा यस्ता तालिमहरू थप आवश्यक छन्। विद्यार्थीमार्फत् नागरिक समाजमा समेत चेतना फैलिनेछ, जसले अन्ततः समुदायस्तरमै सुरक्षित संरचना विकासमा टेवा पुर्‍याउँछ।

अन्ततः, विपद् व्यवस्थापन केवल राज्यको जिम्मेवारी हो भन्ने सोच त्यागेर यसलाई साझा जिम्मेवारीको रूपमा लिनु आजको आवश्यकता हो। र, यस सोचको पहिलो कडी विद्यार्थीहरूको सहभागीता हो(जो केवल भविष्यका जिम्मेवार नागरिक मात्र होइनन्, आजका सक्षम उद्धारकर्ता पनि बन्न सक्छन् ।

# दलितमाथि अन्याय, अत्याचार, दमन र शोषण




चन्देश्वर सदा

***ऐतिहासिक कारण***

नेपालको समाज लामो समयदेखि वर्णव्यवस्थामा आधारित रहँदै आएको छ। यो संरचनाले दलित समुदायलाई “अस्पृश्य“को रूपमा वर्गीकृत गरी सामाजिक, धार्मिक, आर्थिक र सांस्कृतिक दृष्टिले तल्लो दर्जामा राखेको छ। उनीहरूको धर्म, संस्कार, पेशा, बासस्थान आदिमा विभेद हुँदै आएको इतिहासले आज पनि धेरै ठाउँमा प्रभाव जमाइरहेको छ।

***सांस्कृतिक तथा मानसिक सोच***

धेरै मानिसहरू अझै पनि जातीय अहंकार र सामाजिक पूर्वाग्रहमा बाँचेका छन्। दलितसँग छोएको पानी नपिउने, उनीहरूलाई मन्दिर प्रवेश गर्न नदिने, छुनु अपवित्र ठान्नेजस्ता सोच व्यापक रूपमा विद्यमान छ। यस्तो मानसिकता परिवर्तन नहुँदासम्म सामाजिक न्याय असम्भवजस्तै देखिन्छ।



***शिक्षाको अभाव***

दलित समुदायमा साक्षरताको दर अपेक्षाकृत कम छ। शिक्षा नपाउँदा उनीहरूले आफ्ना अधिकार नबुझ्ने, अवसर प्राप्त नगर्ने, तथा आत्मविश्वासको कमी भोग्नुपर्ने अवस्था रहन्छ।

***आर्थिक शोषण***

अधिकांश दलितहरू भूमिहीन, अस्थायी तथा अनौपचारिक मजदुरीमा आधारित छन्। उनीहरूलाई कम ज्याला, अनिश्चित रोजगारी र ऋणको दलदलमा राखी शोषण गरिन्छ। आर्थिक आत्मनिर्भरता अभावले उनीहरूको अवस्था झनै कमजोर बनाउँछ।

***राजनीतिक उपेक्षा***

राजनीतिक निर्णय प्रक्रियामा दलितहरूको सहभागिता न्यून छ। उनीहरूको आवाज नीतिनिर्माण तहमा पुग्दैन, जसका कारण उनीहरूको समस्या निरन्तर उपेक्षित रहन्छ।

यस्ता घटनाहरू रोक्न दलित समुदायले अपनाउनु पर्ने ठोस पहल

*१. शिक्षा र सचेतना अभिवृद्धि*

साक्षरतामा ध्यान दिँदै दलित समुदायले महिलाहरू र बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउनुपर्छ। मानवअधिकार, संविधान, कानुनी अधिकारसम्बन्धी प्रशिक्षण र सचेतना अभियान सञ्चालन गर्नुपर्छ।

*२. संगठित आन्दोलन र दबाब*

छरिएर नभई संगठित ढंगले विभेद र अन्यायको विरोध गर्नु जरुरी छ। दलित संगठन, सिविल सोसाइटी र सञ्चारमाध्यमसँग सहकार्य गर्दै दबाब सिर्जना गर्नुपर्छ।

*३. विधिक उपचार खोज्नु*

जातीय विभेद, अपमान वा हिंसाको शिकार हुँदा कानुनी सहायता लिनु आवश्यक छ। स्थानीयस्तरमा कानुनी सहायता केन्द्रको स्थापना र निःशुल्क कानुनी सहयोग सुनिश्चित गर्नुपर्छ।

*४. सञ्चार माध्यमको उपयोग*

सामाजिक सञ्जाल, रेडियो, टेलिभिजन आदिको उपयोग गरेर दलितमाथिका घटनाहरू सार्वजनिक गर्न, जनमत निर्माण गर्न, र सचेतना फैलाउन सकिन्छ।

*५. एकता र आन्तरिक सुधार*

दलित समुदायभित्रको जात/उपजातीय विभाजन अन्त्य गरेर एकता कायम गर्नुपर्छ। आन्तरिक रूपमा लैंगिक समानता, नेतृत्व विकास र शिक्षाको प्रवर्द्धन गर्नुपर्छ।

यस्ता घटनाहरू रोक्न राज्यले उठाउनु पर्ने उचित कदम

*१. कडा कानुनी कार्यान्वयन*

नेपालको संविधानअनुसार जातीय विभेद आपराधिक कार्य हो। तर व्यवहारमा कानुनको कार्यान्वयन कमजोर छ। प्रहरीले तुरुन्त कारबाही गर्नुपर्ने, दोषीलाई कडा सजाय दिनुपर्ने आवश्यक छ।

*२. शिक्षा र पाठ्यक्रममा समावेशीकरण*

विद्यालयदेखि विश्वविद्यालयसम्म जातीय समानता, मानव अधिकार र विविधताको सम्मानसम्बन्धी विषय पाठ्यक्रममा समावेश गरिनुपर्छ। यसले सामाजिक सोचमा परिवर्तन ल्याउन सहयोग पुर्‍याउँछ।

*३. समान अवसर नीति लागू*

दलितहरूलाई रोजगारी, सेवा सुविधा र नेतृत्वका क्षेत्रमा प्रतिनिधित्व दिलाउन कोटा प्रणालीलाई प्रभावकारी बनाउनु जरुरी छ। सीपमूलक तालिम, ऋण सहायता र रोजगारीका अवसर उपलब्ध गराउनु आवश्यक छ।

*४. स्थानीय सरकारलाई जिम्मेवार बनाउने*

स्थानीय तहमा दलित मुद्दा सम्बोधनका लागि विशेष इकाइ गठन गर्नुपर्छ। दलित प्रतिनिधिहरूको सहभागिता सुनिश्चित गरिनुपर्छ।

*५. सुरक्षा ग्यारेन्टी*

दुर्गम र ग्रामीण क्षेत्रमा दलितहरूमाथि आक्रमण हुने क्रम बढिरहेको छ। यस्तो अवस्थालाई नियन्त्रण गर्न प्रहरी सुरक्षा, पीडितको संरक्षण र मानसिक परामर्श सेवाहरू उपलब्ध गराइनुपर्छ।

*६. निगरानी संयन्त्र निर्माण*

जातीय विभेद र दलितमाथिको हिंसा अनुगमन गर्न स्वतन्त्र आयोगहरूलाई अधिकारसहित सशक्त बनाइनुपर्छ। राष्ट्रिय दलित आयोग, मानवअधिकार आयोग आदिको भूमिकालाई सक्रिय र प्रभावकारी बनाउनुपर्छ।

*निष्कर्ष*

दलितमाथि हुने विभेद, शोषण र हिंसा केवल दलितहरूको होइन, सम्पूर्ण नेपाली समाजको चुनौती हो। सामाजिक समानता र न्यायको सुनिश्चितता बिना देशको समृद्धि सम्भव छैन। त्यसैले दलित समुदाय र राज्य दुबै पक्षले साझा पहल गर्दै यो समस्याको समाधानमा जुट्न आवश्यक छ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# महिनावारी नहुनु वा ढिलाइ हुनुका आठ कारण



एजेन्सी

काठमाडौँ। सामान्यतया, प्रजनन उमेरका महिलाहरूको सामान्य महिनावारी २८ दिनको हुन्छ। यद्यपि, महिनावारी केही दिन अगाडि वा केही दिन ढिलो सुरु हुनु सामान्य कुरा हो। महिनावारी नहुने वा गायब हुने अवस्थालाई एमेनोरिया भनिन्छ। एमेनोरिया हुनुका धेरै कारणहरू हुन सक्छन्।

महिनावारी नहुनुको एउटा कारण गर्भावस्था हुन सक्छ तर यसबाहेक अन्य धेरै कारणहरू हुन सक्छन्। कहिलेकाहीँ महिनावारी नहुनुलाई गम्भीर समस्या मानिँदैन, तर विज्ञहरू भन्छन् कि यदि यो बारम्बार भइरहेको छ भने यो कुनै अन्य स्वास्थ्य समस्याको संकेत पनि हुन सक्छ।

हरेक महिलाको शरीर पूर्णतया फरक तरिकाले काम गर्छ। कुनै पनि दुई महिला समान हुँदैनन् । त्यसैले महिनावारी नहुनु वा ढिला हुनु विभिन्न कारणहरु हुन सक्छन् । विभिन्न समयमा भएका अध्ययन अनुसन्धानका अनुसार यदि कुनै महिला गर्भवती छैनन् र लगातार तीन महिनादेखि उनको महिनावारी भएको छैन, वा ४५ वर्षको उमेरभन्दा अगाडि उनको महिनावारी रोकिएको छ भने, उनले अवश्य पनि चिकित्सा सल्लाह लिनुपर्छ।

अध्ययनका अनुसार गर्भावस्था बाहेक एमेनोरियाका आठ कारण हुन सक्छन्।

*१. तनाव*

तनावले तपाईंको महिनावारी चक्रलाई असर गर्न सक्छ ।

विज्ञहरूका अनुसार तनाव सबैभन्दा महत्त्वपूर्ण कारण हुन सक्छ। तनावले हाम्रो शरीरमा एड्रेनालिन जस्ता हर्मोनहरू द्रुत गतिमा बढाउँछ, जसले शरीरलाई कुनै पनि सम्भावित खतराबाट जोगाउन सतर्क अवस्थामा राख्छ। यी हर्मोनहरूको दीर्घकालीन प्रभावका कारण, महिनावारी चक्र प्रभावित हुन सक्छ। कहिलेकाहीँ महिनावारी हुँदैन वा महिनावारीको समयमा हुने पीडा गम्भीर हुन सक्छ।

कतिपय अवस्थामा, तनावका कारण, महिलाहरूलाई एक महिनावारी चक्र (चार हप्ताको चक्र) मा दुई पटक महिनावारी हुन सक्छ। यदि तनाव तपाईंको महिनावारी छुट्नुको कारण हो भने, उपचारको रूपमा नियमित व्यायाम वा श्वासप्रश्वास अभ्यास गर्नु राम्रो हुने विज्ञहरूको सुझाव रहेको छ।

*२. अचानक तौल घट्नु*

यदि शरीरमा क्यालोरीको मात्रा धेरै कम भयो भने, शरीरमा अण्डाशयबाट अण्डा निकाल्ने प्रक्रिया (ओभ्युलेसन) को लागि आवश्यक हर्मोनको उत्पादन बन्द हुन सक्छ। यद्यपि, यदि तौल घट्नुको कारण खानपानको विकारसँग सम्बन्धित छ भने, मनोचिकित्सकको मद्दत लिनुपर्छ।

*३. बढी तौल वा मोटोपन हुनु*

अधिक तौलले शरीरलाई अतिरिक्त एस्ट्रोजेन निस्कासन गराउँछ। यो महिला प्रजनन प्रणालीलाई नियमन गर्ने हार्मोनहरू मध्ये एक हो। एस्ट्रोजनको स्तरमा भएको कुनै पनि वृद्धिले महिनावारीको नियमिततालाई असर गर्न सक्छ र केही अवस्थामा महिनावारी पूर्ण रूपमा बन्द पनि हुन सक्छ।

एमेनोरियाको अनुभव गरिरहेका र बढी तौल भएका वा ३० भन्दा माथिको बडी मास इन्डेक्स भएका महिलाहरूलाई प्रायः डाक्टरहरूले स्वस्थ तौल प्राप्त गर्न पोषण विशेषज्ञसँग परामर्श गर्न सल्लाह दिन्छन्।

*४. अत्यधिक शारीरिक व्यायाम*

अत्यधिक व्यायामबाट हुने शारीरिक तनावले महिनावारी नियन्त्रण गर्ने हर्मोनलाई पनि असर गर्न सक्छ। शरीरमा धेरै बोसो हुँदा पनि अण्डाशय बन्नबाट रोक्न सकिन्छ।

*५. पोलिसिस्टिक अंडाशय सिन्ड्रोम*

अण्डाशय भित्र (अण्डा बन्ने ठाउँ) अण्डाको विकासको लागि फोलिकल्स भनिने थैली जस्तो संरचनाहरूको ठूलो संख्या हुन्छ। सामान्यतया, अण्डाशयमा अण्डाहरू विकास हुन्छन् र ती मध्ये एउटा निषेचनका लागि तयार हुन्छ।

तर पोलिसिस्टिक ओभरी सिन्ड्रोमको अवस्थामा डिम्बाशयमा धेरै फोलिकल्स एकैसाथ बन्छन्, जसले विकसित अण्डा उत्पादन गर्न सक्दैन । यो अवस्था भएका महिलाहरूमा, यी थैलीहरूले प्रायः अण्डा बाहिर निकाल्न असफल हुन्छन्, जसले गर्दा अण्डा निस्कनबाट बच्न सकिन्छ।

बेलायतमा गरिएको एक अध्ययनले कि दश मध्ये एक महिला यसबाट प्रभावित हुने देखाएको छ। यो महिनावारी नहुने लगभग ३३ प्रतिशत घटनाहरूको कारण हो।पोलिसिस्टिक ओभरी सिन्ड्रोमले अण्डाशयको सामान्य कार्यलाई असर गर्छ र ओभ्युलेसनलाई रोक्न सक्छ।

*६. रजोनिवृत्ति र समय पूर्व रजोनिवृत्ति*

गर्भावस्था र स्तनपान जस्तै, रजोनिवृत्ति (महिनाबारी सुक्नु) पनि महिनावारी नहुनुको एउटा कारण हो। जब महिलाहरू रजोनिवृत्तिको चरणबाट गुज्रिरहेका हुन्छन्, उनीहरूको शरीरमा एस्ट्रोजनको स्तर घट्न थाल्छ र अण्डाशय निस्कने प्रक्रिया अनियमित हुन्छ।

रजोनिवृत्ति सामान्यतया ४५ देखि ५५ वर्ष उमेरका महिलाहरूमा हुन्छ। यद्यपि, धेरै चिकित्सा अध्ययनहरूले पत्ता लगाएका छन् कि प्रत्येक सय महिलामध्ये एक जनाले ४० वर्षको उमेर नपुग्दै रजोनिवृत्तिको अनुभव गर्छिन्। यो अवस्थालाई समय पूर्व रजोनिवृत्ति भनिन्छ।

*७. गर्भ निरोधक*

केही गर्भ निरोधक चक्की, इंजेक्शन, इम्प्लान्ट, र पाठेघरमा घुसाइएका उपकरणहरूले पनि एमेनोरिया निम्त्याउन सक्छ। गर्भ निरोधकहरू लिन बन्द गरेपछि पनि, शरीरलाई नियमित रूपमा फेरि डिम्ब निस्कन सुरु गर्न केही समय लाग्न सक्छ।

*८. अन्य समस्या र औषधिहरू*


महिनावारी नहुनु मधुमेह वा हाइपरथाइराइडिज्म वा हाइपोथाइराइडिज्म जस्ता हार्मोनल विकारहरूको कारणले पनि हुन सक्छ। अध्ययनका अनुसार एमेनोरिया केही औषधिहरू जस्तै एन्टिसाइकोटिक्स, केमोथेरापी, एन्टीडिप्रेसेन्टहरू, र उच्च रक्तचाप र एलर्जीको उपचार गर्न दिइने औषधिहरूको कारणले पनि हुन सक्छ।

# अमेरिकी वैज्ञानिकले बनाए वृद्धवृद्धाको स्याहार सुसार गर्ने रोबोट

एजेन्सी

विश्वभर बदलिंदो सामाजिक तथा पारिवारिक संरचना, वृद्धावस्थाका मानिसहरुको बढ्दो संख्या तथा कामकाजी मानिसहरुको बढ्दो व्यस्ततासँगै वृद्धवृद्धाहरुको स्याहारसुसार तथा पालनपोषणको विषय पेचिलो बन्दै गएको छ ।

वृद्धावस्था भनेको आफ्नो दैनिक आवश्यकताका काम आफै गर्न नसक्ने उमेर हो र यो उमेरमा जुनसुकै बेलापनि अरु कोहीको साथ र सहयोग चाहिन्छ । सायद यही आवश्यकतालाई मध्यनजर गर्दै अमेरिकाले वृद्धवृद्धाको स्याहार सुसार गर्ने रोबोट तयार पारेको छ ।




भ–द्यबच अर्थात् भ्मिभचथि द्ययमर्षथि ब्ककष्कतबलअभ च्यदयत नामक यो रोबोट केवल एउटा स्मार्ट डिभाइस मात्र होइन यो एक्लै परेका वृद्धावस्थाका व्यक्तिहरुको लागि सहारा बन्ने एक गेमचेन्जर आविष्कार सावित हुनसक्छ ।

म्यासाचुसेट्स इन्स्टिच्यूट अफ टेक्नोलोजीका इन्जिनियरहरुले यो रोबोटलाई विशेष गरी वृद्धवृद्धाहरुको दैनिक आवश्यकताहरुलाई ध्यानमा राखेर डिजाइन गरिएको हो । यो रोबोटले बुढाबुढीहरुलाई ओछ्यानबाट उठ्न मद्दत गर्ने मात्र नभएर कतै लड्न लागेमा पनि सम्हाल्दछ ।

यो रोबोटमा जडित अत्याधुनिक सेन्सर, क्यामेरा तथा खस्नबाट बचाउने प्रविधिले यसलाई केही सेकेण्डमै सक्रिय बनाउने वैज्ञानिकको दाबी छ ।

वृद्धवृद्धाहरु चाहे बाथरुममा चिप्लिएर लड्न लाग्दा होस् वा भर्याङमा सन्तुलन गुमेर लड्न लाग्दा होस्, यो तुरुन्तै रेस्क्यू मोडमा आउँछ र दुर्घटना हुनबाट बचाइहाल्छ । यो केवल शारीरिक सहयोगसम्म मात्र सीमित छैन । हल्का हिंडडुल, शरीर तन्काउने जस्ता हलुका व्यायाम गराउनेदेखि लिएर केही मोडेलमा भ्वाइस कमान्ड लिनेसम्मका काममा यो रोबोट वृद्धवृद्धासँग उभिन्छ ।

इबार रोबोट अहिले अनुसन्धानकै चरणमा रहेको र अत्याधुनिक प्रविधिका कारण सुरुआती अवस्थामा यो निकै महँगो पर्ने सम्भावना छ । साथै आम मानिससम्म यसलाई पुर्‍याउन अझै केही वर्ष लाग्नसक्छ ।

वास्तवमा वृद्धवृद्धाहरुलाई केवल सहारा मात्र नभई आफ्नो कुरा सुन्ने मानिस पनि चाहिन्छ । त्यसैले आफ्नो रोबोटलाई त्यसका लागि पनि सक्षम बनाउने र मानिसका भावनात्मक आवश्यकतालाई पनि बुझ्ने खालको क्षमताको विकास गर्ने दिशामा वैज्ञानिकहरुले काम गरिरहेका छन् । त्यसैले भविष्यमा यसमा मूड पत्ता लगाउने, कुराकानी तथा एक्लोपन कम गर्नेवाला फिचर पनि जोडिनेछ ।

# काठमाडौँकेन्द्रित राजावादी आन्दोलन जिल्लातिर मोडियो

दैनिक समाचारदाता

काठमाडौं, २१ जेठ । राजसंस्था फर्काउन गठित संयुक्त जनआन्दोलन समितिले आन्दोलनका कार्यक्रमलाई जिल्लाकेन्द्रित गर्ने भएको छ ।

संयुक्त जनआन्दोलन समितिमा आवद्ध ४५ दल, समूह र अभियानको बुधबार बसेको संयुक्त बैठकले पहिलो चरणको आन्दोलनबाट प्राप्त अनुभवलाई दृष्टिगत गर्दै आन्दोलनको भावी स्वरुप परिमार्जन गरेको हो ।

बैठकपछि संयोजक नवराज सुवेदीले विज्ञप्तिमा भनिएको छ, ‘संयुक्त जनआन्दोलन समितिमा आवद्ध ४५ दल, समूह र अभियानको बैठक आज सम्पन्न भयो । उक्त बैठकमा गत एक हप्तादेखि सञ्चालन हुँदै आएको जनआन्दोलनको समीक्षा गरिनुको साथै भावी कार्य योजनाका बारेमा समेत छलफल भयो । आगामी आन्दोलनका कार्यक्रममा समेत विभिन्न वर्ग, पेशा लगायत निजामति, सेना र प्रहरी सेवामा रहेर राष्ट्रको हितमा कार्य गरेका पूर्वराष्ट्रसेवकहरु तथा आम जनताको व्यापक सहभागिताको निम्ति बैठकले अपिल गरेको छ ।’

संयोजक सुवेदीले बैठकको भावनालाई दृष्टिगत गर्दै संयुक्त जनआन्दोलन समितिले विभिन्न ६ बुँदे कार्य निर्धारण गरेको जनाएका छन् ।

त्यसमा काठमाडौं उपत्यकाका विभिन्न पालिकाहरूमा विरोध



प्रदर्शनलाई जारी राख्ने, काठमाडौं अतिरिक्त देशको विभिन्न प्रमुख शहरहरूमा विरोध सभा, धर्ना तथा जनप्रदर्शन गर्ने, आन्दोलनलाई अझ सशक्त प्रभावकारी र उपलब्धिमूलक बनाउन स्थानीय तहदेखि नै संयुक्त जनआन्दोलन समिति गठन गर्ने उल्लेख छ ।

यस्तै, देशका विभिन्न जिल्लामा प्रतिवद्ध र जुझारु युवा कार्यकर्ताहरुको समूह तयार गर्ने र देशका विभिन्न जिल्लाहरूमा आन्दोलनका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिसकेपछि आन्दोलनलाई पुनः काठमाडौंकेन्द्रित गरिने विज्ञप्तिमा भनिएको छ ।



# मधेश प्रदेश सभाको बैठक अवरुद्ध



दैनिक समाचारदाता

जनकपुरधाम, २१ जेठ । लामो समयपछि आजबाट शुरु भएको मधेश प्रदेश सभाको बैठक प्रमुख प्रतिपक्षी दलहरूले अवरोध गरेका छन् ।

प्रदेश सभाको पाँचौं अधिवेशनको पहिलो बैठक शुरु भएको मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले घोषणा गर्ने बित्तिकै प्रमुख प्रतिपक्षी जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक रामअशिष यादवले योजना बिक्री सम्बन्धि विषयको संसदीय छानविन समिति गठन नभएसम्म बैठक नचल्ने अडान लिएर विरोध गरेपछि प्रदेश सभाको बैठक स्थगित भएको हो ।जसपाका प्रमुख सचेतक यादवले प्रमुख प्रतिपक्षी दलका तर्फबाट संसदीय छानबिनका लागि प्रतिनिधि पठाए पनि सत्ता पक्षबाट जानी बुझी छानविन समितिमा प्रतिनिधि पठाउने काम नभएको भन्दै छानविन समिति नबनेसम्म बैठक चल्न नदिने बताए आ-आफ्नो स्थानमा उभिएर विरोध गरेपछि सभामुख रामचन्द्र मण्डलले भोली दिउँसो १ बजे बस्ने गरि बैठक स्थगित गर्नुभएको छ ।संसदीय छानबिनका लागि समिति बनाउने सभामुखले प्रदेश सभामा दिनुभएको निर्देशन १ महिना २४ दिन वित्दा छानविन समिति बन्न नसकेकाले सरकारको नियत ठिक नभएको प्रमुख सचेतकले आरोप लगाउनुभएको थियो ।मधेश प्रदेश सभाको चौथो अधिवेशन प्रदेश सरकारको सिफारिसमा ज्येष्ठ ३० गते मध्य राति १२ बजे देखि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले अधिवेशन अन्त्य गर्नुभएको थियो ।

# छुवाछूत तथा भेद्भाव अन्त्य गर्न कानून कार्यान्वयनमा जोड




दैनिक समाचारदाता

काठमाडौँ, २१ जेठ । राष्ट्रिय मानव अधिकार आयोगले जातीय भेद्भाव तथा छुवाछूतजस्ता गम्भीर मानव अधिकार उल्लङ्घनका विषयलाई संवेदनशीलरुपमा लिई कानून कार्यान्वयन गर्न आग्रह गरेको छ ।

आयोगले गरेको सिफारिस पूर्णरुपमा कार्यान्वयन गर्न, छुवाछूत र जातीय विभेदको व्यावहारिकरुपमा अन्त्यका लागि प्रभावकारी कदम चाल्न तीनै तहका सरकार, राजनीतिक दल, नागरिक समाज, सबै धार्मिक सङ्घ संस्था, मानव अधिकारकर्मी तथा आमनागरिकलाई अनुरोध गरेको छ ।

छुवाछुमुक्त राष्ट्र घोषणाको १९ वर्ष तथा जातीय भेदभाव तथा छुवाछूत उन्मूलन दिवसको सन्दर्भमा आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले जारी गरेको प्रेस विज्ञप्तिमा जातीय विभेदमा संलग्नलाई राजनीतिक संरक्षण नगरी कानुनी कारबाही गर्न समेत सरकारको ध्यानाकर्षण गराएको छ ।

"संवैधानिक तथा कानुनको इमान्दारीपूर्ण कार्यान्वयन हुन नसक्दा व्यवहारमा भने जातीय भेद्भाव तथा छुवाछुतको अन्त्य हुन सकेको छैन, यसवर्ष अछाममा विद्यालयभित्र दलित विद्यार्थीमाथि विभेद् गरिएको पाइएको छ", विज्ञप्तिमा भनिएको छ, "सप्तरीमा अन्तरजातीय विवाहको विषयलाई लिएर भएको घटनालाई न्यायिक प्रक्रियामा लैजानुको सट्टा मिलापत्र गराउने क्रममा बालिकाले आत्महत्या गरेको पाइएको छ ।"

आजको दिनलाई जातीय भेद्भाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसको रुपमा मनाउने गरिन्छ ।

नेपालको संविधानमा सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, अपराध पीडितको हक, छुवाछूत तथा जातीय भेद्भावविरुद्धको हक, दलितको हक र सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ ।

कानूनीरुपमा जातीय तथा अन्य सामाजिक छुवाछूत र भेद्भाव (कसूर र सजाय) ऐन, २०६८ र मुलुकी अपराध संहिता, २०७४ तथा अन्तरराष्ट्रियरुपमा सबै किसिमका जातीय भेद्भाव उन्मूलनसम्बन्धी अन्तरराष्ट्रिय महासन्धि, १९६५ समेतको पक्ष राष्ट्र भई यस विषयमा नेपालले कार्य गर्दै आएको छ ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

दैनिक समाचारदाता

काठमाडौँ, २१ जेठ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । आज नेप्से परिसूचक ११ दशमलव ९७ अङ्कले घटेर दुई हजार ६४६ दशमलव ९५ को विन्दुमा कायम भएको हो ।

आज तीन सय १३ कम्पनीको एक करोड ३७ लाख ८२ हजार चार सय ६८ कित्ता शेयर ५९ हजार एक सय ३० पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब १६ करोड ३३ लाख ३४ हजार पाँच सय २२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

आजको कारोबारमा म्युचुअल फन्ड र व्यापार समूह मात्रै बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेड र प्युअर इनर्जी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य पाँच दशमलव ८१ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै अरुण काबेली पावर लिमिटेडको रु ३६ करोड २५ लाख ५९ हजार बराबरको १३ लाख ४५ हजार चार सय २६ कित्ता शेयर किनबेच भएको छ ।

# नयाँ कमला पुलको माग गर्दै मधेस प्रदेशसभा भवन अगाडि धर्ना

दैनिक समाचारदाता

सिरहा, २१ जेठ । सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमा सिरहा र धनुषा जोड्ने कमला पुललाई नसमेटेपछि कमला पुल निर्माण सङ्घर्ष समितिले आज मधेस प्रदेशसभा भवन अगाडि धर्ना दिएको छ ।

मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेटमा नयाँ कमला पुल निर्माणका लागि स्रोत सुनिश्चित गर्नुपर्ने सङ्घर्ष समितिको माग रहेको छ ।

हुलाकी राजमार्गअन्तर्गत १४ वर्षदेखि निर्माणाधीन पुल समयमै सम्पन्न गर्न आफूहरूले पटकपटक आग्रह गर्दा पनि सरकारले बेवास्ता गरेकाले अब प्रदेश सरकारले पूर्वसहमतिअनुसार नयाँ कमला पुल निर्माणका लागि आगामी आर्थिक वर्षको बजेटमा छुट्टै शीर्षक बनाएर रकम विनियोजन गर्नुपर्ने सङ्घर्ष समितिका संयोजक प्रवीन यादवले माग गर्नुभयो ।

"जेठ १५ गते सङ्घीय संसद्मा प्रस्तुत बजेटमा कमला पुललाई समट्न सकेन । एकपटक यहाँका जनतालाई सरकारले धोका दियो", उहाँले भन्नुभयो, "केन्द्रीय सरकारले त बजेट दिएन, अब प्रदेश सरकारले नयाँ कमला पुल निर्माणका लागि आगामी आर्थिक वर्षको बजेटमा छुट्टै शीर्षक बनाएर विनियोजन गर्नुपर्छ । गत वर्ष अनसन बसेका सिरहाका युवासँग भएको सहमति मधेस प्रदेश सरकारले कार्यान्वयन गरेर देखाउनुपर्छ ।"

निर्माण पूरा नहुँदै जीर्ण बनेको पुल अलपत्र परेपछि गत वर्ष २०८१ को भदौमा सिरहाका १० जना युवा अभियन्ता नयाँ पुल निर्माण प्रक्रिया थाल्न माग गर्दै जनकपुरस्थित मुख्यमन्त्री कार्यालय अगाडि पाँच दिनसम्म आमरण अनशनमा बसेका थिए । नयाँ कमला पुलको निर्माण गर्ने र त्यसका लागि सङ्घीय सरकारसमक्ष पहल गर्ने, त्यो पनि नभए सम्पूर्ण बजेट मधेस प्रदेश सरकारको स्रोतबाट व्यहोर्ने लगायत चारबुँदे सहमतिकासाथ अनशन तोडिएको विषय पुनःप्रदेश सरकारलाई स्मरण गर्न संयोजक यावदले आग्रह गर्नुभयो ।

प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा कमला पुललाई समेटी स्रोतको सुनिश्चित नगरेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि पुनःअनशन बस्न बाध्य हुने सिरहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजीत यादवले चेतावनी दिनुभयो । उहाँले भन्नुभयो, "गत वर्ष नै मधेस प्रदेश सरकारले कमला पुल यथाशीघ्र सम्पन्न गर्न केन्द्रीय सरकारसँग ठोस पहल गर्ने सहमति भएको थियो । तर, त्यो पालना भएन । उधारो सहमतिमा सधैँ हामी बस्न सक्दैनौँ । हाताहाती चाहियो । यस विषयलाई गम्भीरतापूर्वक लिएन भने पुनःअनशनमा बस्न बाध्य हुनेछौँ ।"

मधेसको जीवनरेखासँग प्रत्यक्ष गाँसिएका विषयलाई सरकारले बेवास्ता गरिरहेको सिरहाका युवाको भनाइ छ । पुल निर्माण कम्पनी 'लुम्बिनी विल्डर्स' ले गत चैत महिनादेखि पुल पुनःनिर्माणको काम अलपत्र छाडेर हिँडेपछि उक्त जीण पुल बन्ने नबन्ने अनिश्चित भएको छ । पुल नबन्दा सिरहा र सप्तरीका मानिसलाई प्रदेश राजधानी जनकपुर आवतजावत गर्न सास्ती भोग्दै आउनुपरेको छ ।

# छुवाछूत उन्मूलन दिवसका अवसरमा सार्वजनिक बिदा दिन माग

दैनिक समाचारदाता

काठमाडौँ, २१ जेठ । राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले जातीय भेदभाव तथ छुवाछूत उन्मूलन दिवसको दिन प्रत्येक वर्ष जेठ २१ गते सार्वजनिक बिदा दिनुपर्नेमा जोड दिनुभएको छ ।

उन्नाइसौँ जातीय भेदभाव तथ छुवाछूत उन्मूलन दिवस दिवसको अवसरमा राष्ट्रिय दलित आयोगले यहाँ आज आयोजना गरेको कार्यक्रममा उहाँले भन्नुभयो, "सरकारले आजको दिनलाई सार्वजनिक बिदा दिनुपर्छ भनेर माननीय सदस्यहरुले संसद्मा आवाज उठाइरहनुभएको छ, त्यसतर्फ सरकारले आवश्यक निर्णय गरोस् भन्ने मैले यस अवसरमा आग्रह गर्दछु ।"


आज पनि हाम्रो समाजमा दलित समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सेवा र राज्यका निकायमा सहज पहुँच अपेक्षा गरेअनुसार सुनिश्चित हुन नसकेको उहाको भनाइ छ । अध्यक्ष दाहालले दलित समुदायबारे संविधानले प्रत्याभूत गरेका अधिकारहरू व्यवहारमा कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै बहुसङ्ख्यक दलित समुदायका बालबालिका अझै पनि गुणस्तरीय शिक्षाबाट वञ्चित भएको बताउनुभयो ।

स्वास्थ्य सेवामा पहुँच कमजोर छ र रोजगारीका अवसरहरूमा उनीहरूको सहभागिता न्यून रहेको उहाको भनाइ छ । हिजोको छुवाछूत र असमान व्यवहार कानुनी रूपमा निषेध भए तापनि व्यावहारिक जीवनमा अझै हिंसा, सामाजिक बहिष्कार र अपमानजनक व्यवहारको रूपमा देखिने गरेका हामीले देख्दै भोग्दै आइरहेका छौँ, उहाँले भन्नुभएको छ ।

सार्वजनिक ठाउँमा पहुँचबाट वञ्चित गरिनु, धर्म, संस्कार वा परम्पराका नाममा सामूहिक कार्यमा सहभागी हुन अवरोध पुऱ्याउनु, दलित समुदायभित्र पनि दलित महिलामाथि हुने दोहोरो शोषणले नेपाली सामाजिक अवस्था चित्रण गरेको उहाले बताउनुभयो ।

यस्ता व्यवहार अन्त्य गर्न कानुनी प्रावधानहरू पर्याप्त भए तापनि कार्यान्वयनमा चुनौती कायमै छन, छुवाछूत तथा जातीय भेदभावसम्बन्धी मुद्दाहरूमा अनुसन्धान ढिलो हुने, विभिन्न कानुनी छिद्रहरूको प्रयोग गरेर दोषीहरूले उन्मुक्ति पाउने स्थिति, कतिपय सन्दर्भमा सरकारी निकायहरुमै देखिने पक्षपातपूर्ण व्यवहार र पीडितमैत्री संरचनाको अभावले पीडित समुदायलाई थप पीडित बनाएको यथार्थलाई हामी सबैले भोगेका छौँ, उहाले भन्नुभयो । सामाजिक सांस्कृतिक रूपमा रहेका खराब सोचलाई बदल्न कानुनी प्रावधानका साथसाथै व्यापक रूपमा जनचेतना फैलाउन परिवर्तनको सुरूआत आफैँबाट गर्नुपर्ने पनि उहाले बताउनुभयो ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४